पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २७ गते, २०८१ साल (संख्या १८

## भाग २

## गण्डकी बहुप्राविधिक शिक्षालय

## पेड इन्टर्न व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आंगिक शिक्षालयहरूमा डिप्लोमा तह र प्रिडिप्लोमा तहमा हुने प्रयोगात्मक अभ्यासलाई उत्पादनसँग आवद्ध गरी प्रशिक्षार्थीहरुलाई प्रयोगात्मक अभ्यासमा सहजीकरण गर्न वाञ्छनीय भएकाले पोखरा महानगरपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **प्रारम्भ :** (१) यो कार्यविधिको नाम "इन्टर्न व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** (१) "इन्टर्न" भन्नाले प्रशिक्षार्थी प्रशिक्षकको रुपमा दफा (६) बमोजिम सम्झौता भएका व्यक्ति सम्झनुपर्छ।

(२) "समिति" भन्नाले शिक्षालयको व्यवस्थापन समिति सम्झनुपर्छ।

(३) "पोखरा महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्छ।

(४) "शिक्षालय" भन्नाले पोखरा महानगरपालिका द्वारा संचालित गण्डकी बहुप्राविधिक शिक्षालय सम्झनुपर्दछ।

## परिच्छेद-२

## छनौटका आधार, योग्यता र सिफारीस

३. **सूचना प्रकाशन गर्नुपर्ने :** (१) इन्टर्नको नियुक्तिका लागि देहायबमोजिमको विवरण समेत खुलाइ सात दिनको समयसीमा राखी स्थानीय स्तरका सञ्चार माध्यम, शिक्षालयको सूचनापाटी तथा वेबसाइटमा सूचना प्रकाशन गर्नुपर्दछ।

(क) आवश्यक संख्या

(ख) योग्यतासम्बन्धी विवरण,

(ग) दरखास्त दिने माध्यम, स्थान, मिति र समय,

(घ) छनोटको विधि एवम् परीक्षासम्बन्धी कार्यतालिका र स्थान,

(ङ) सेवाको सर्त तथा सुविधा,

(च) उत्पादनका कार्यसँग गर्नुपर्ने कार्यहरू,

(छ) समितिले उपयुक्त ठानेका अन्य विषयहरू।

(२) उपदफा (क) बमोजिमको सूचना प्रकाशन गर्दा स्थानीय पत्रिकामा संक्षिप्त सूचना र शिक्षालयको वेबसाइट, सूचनापाटीमा विस्तृत सूचना प्रकाशन गर्न सकिनेछ।

(३) दरखास्त गर्ने म्याद सकिएको भोलिपल्ट स्वीकृत दरखास्त फारामहरूको संक्षिप्त विवरण सार्वजनिक गर्नुपर्नेछ।

(४) माथि जुनसुकै कुरा लेखिएता पनी शिक्षालयमा छैंटौ सेमेस्टर वा तृतीय वर्ष अध्ययन पुरा गरेका विद्यार्थीलाई, ६ महिनाको लागी इन्टर्न खटाउन सक्नेछ।

४. **इन्टर्नको योग्यता :** (१) १८ वर्ष पुरा भइ २४ वर्षको उमेर ननाघेको नेपाली नागरिक

(२) शिक्षालयमा सञ्चालित शैक्षिक कार्यक्रम (डिप्लोमा तह वा प्रि-डिप्लोमा तह) मध्ये कुनै एक कार्यक्रममा सबै वर्ष / सेमेष्टरको अन्तिम परीक्षा दिइ सकेको।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भएतापनि डिप्लोमा तह सरहको प्राविधिक उपाधि हासिल भइ प्रमाणपत्र लिएको मितिले तीन वर्ष पछि योग्य मानिने छैन।

५. **छनोटको विधि :** (१) समितिले उपयुक्त ठानेको विधि नै इन्टर्न छनोटको विधि हुनेछ।

(२) उपदफा (क) वमोजिमको विधि प्रतिस्पर्धात्मक हुनेछ।

(३) दरखास्त पेश गर्ने म्याद समाप्त भएको सात दिन भित्र मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम मुख्य उम्मेदवार सिफारिस गर्दा शिक्षालयको कार्यकम बजेट अनुसारको संख्यामा गर्नुपर्नेछ।

(५) माथि जुनसुकै कुरा लेखिएता पनी शिक्षालयमा छैंटौ सेमेस्टर वा तृतीय वर्षको परीक्षा दिएका विद्यार्थीलाई, ६ महिनाको लागी इन्टर्न खटाउन सक्नेछ।

(६) **सिफारिस र सम्झौता :** (१) दफा (५) बमोजिम सिफारिस भएकमा मुख्य उम्मेदवारले सात दिन भित्र अनुसूची - १ वमोजिम शिक्षालयसँग सम्झौता गर्नुपर्नेछ। यस्तो सम्झौताको अवधि बढीमा दस महिनाको हुनेछ।

(२) उपदफा (१) बमोजिमको समय सीमाभित्र मुख्य उम्मेदवारले सम्झौता गर्न नआएमा वा सम्झौता नगरेमा बैकल्पिक योग्यता कमको सूचीमा रहेका उम्मेदवारसँग सम्झौता गर्न सकिनेछ।

(३) यस दफा बमोजिम सम्झौता गरिएका व्यक्तिले सोही शिक्षालयमा पटक पटक इन्टर्नको रुपमा कामकाज गर्न वा सो प्रयोजनका लागि सम्झौता गर्न सक्ने छैन्।

(४) इन्टर्नका लागी विद्यार्थीलाई पठाउदा महानगरका कार्यालय, शाखा, महाशाखा र वडा कार्यालयमा काम मिल्ने प्रकृतिको हकमा महानगर मातहत र अन्य विषयको हकमा व्यवसायिक उद्योग, फर्म सस्था संग सम्झौता गरी खटाउन सक्नेछ।

(५) इन्टर्नमा खटिने प्रशिक्षार्थीहरुलाई दैनिक खाजा र यातायात खर्च वापत रु ३०० (अक्षरुपि तीनसय रुपैया) मासीक हाजीरी प्रमाणितको आधारमा उपलब्ध गराइनेछ।

(७) **सम्झौता रद्द गर्न सकिने :** (१) दफा ६ (क) बमोजिमको सम्झौता दश महिना पूरा भएपछि सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(२) सम्झौता बमोजिम इन्टर्नले आफ्नो कार्यसम्पादन नगरेमा वा बेवास्ता गरेमा शिक्षालयले जुनसुकै बखत सम्झौता भङ्ग गर्न सक्नेछ।

(३) दफा (६) बमोजिम सम्झौता गरिएका व्यक्तिसँग थप अवधि निरन्तरता वा अन्य स्वरुपमा इन्टर्न सम्झौता हुने छैन्

(४) परिषद्का आंगिक शिक्षालयहरूमा एक व्यक्तिले एकपटक भन्दा बढी पटक इन्टर्नमा कामकाज गरेमा पछिल्लो सम्झौता स्वतः बदर हुनेछ।

(५) यस दफाको उल्लङ्घन गर्ने शिक्षालय प्रमुखलाई सिटिइभिटी कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६९ को विनियम १४०(क)(२), पोखरा महानगरपालिका को प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

## परिच्छेद ४

## विविध

८. **बाधा अडकाउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा पोखरा महानगरले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

९. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

दर्ता नम्बर :
मितिः

## अनुसूची – १
**(दफा ६ (१) सँग सम्वन्धित)**
## सम्झौता पत्र

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, ……………..शिक्षालय, …………….. (प्रथम पक्ष) र ……………………………………. प्रदेश……………..जिल्ला गाउँ/नगर/महानगर/उपमहानगरपालिका वडा नम्बर ………………….. स्थायी ठेगाना भइ………………….. का छोरा/छोरी हाल…………………बस्ने वर्ष ………का श्री …………………………………….(द्वितिय पक्ष) बीच देहायबमोजिमको सर्तनामामा इन्टर्न सेवा करार सम्झौता गरी एक/एक प्रति दिने/लिने गरियो ।

(१) **द्वितीय पक्षको कायम हुने जिम्मेवारीः**
पदः (कार्यक्रमको नाम लेख्ने) प्रशिक्षण सहायक (इन्टर्न) स्तर : सहायक स्तर श्रेणीः द्वितिय

(२) **द्वितीय पक्षको कामकाजको विवरण**
(१) द्वितीय पक्षले प्रभम पक्षका तर्फवाट तोकिएको जिम्मेवारी निर्वाह गर्नु प्रमुख दायित्व हुनेछ ।
(२) सेवा प्रवाहसम्बन्धी शिक्षालय प्रमुखले तोकिदिएको अन्य कार्यसम्पादन गर्नु द्वितीय पक्षको दायित्व हुनेछ ।
(३) प्रथम पक्षले द्वितीय पक्षको कार्यविवरण (TOR) तयार गरी लागु गर्नु पर्नेछ । यस्तो कार्यविवरण उत्पादन इकाइसँग सम्बन्धित हुनेछ ।

(३) **सामान्य दायित्व**
(१) कसैको डर-धम्की, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी आफूले ग्रहण गरेको पदको जिम्मेवारी र कर्तव्य इमान्दारीसाथ पालना गर्नुपर्नेछ।
(२) शिक्षालयको सम्पत्तिको संरक्षण, संवर्द्धन र सदुपयोग गर्नुपर्नेछ ।
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सेवाका कर्मचारीका लागि तोकिएका आचरण पालना गर्नुपर्नेछ ।

(४) **द्वितीय पक्षको सेवा सुविधाः**
(१) बढीमा दस महिनासम्म मासिक बाह्र हजारका दरले व्यक्तिगत पारिश्रमिक हुनेछ ।

(२) काम काज गरेको प्रत्येक महिनाको एक दिनका दरले तलवी पर्व विदा हुनेछ। यस्तो बिदा सम्झौता अवधिसम्म सञ्चित गरी उपभोग गर्न सकिनेछ। पर्व विदा आधा दिन समेत लिन सकिनेछ।

(३) शिक्षालयमा कर्मचारी आवासको सुविधा भएमा शिक्षालयले आवासको व्यवस्था गर्न सक्नेछ।

(४) उत्पादन इकाईमार्फत उत्पादित वस्तु/सेवाको बिक्रिबाट वितरण गरिने सुविधा, प्रोत्साहन वा मुनाफामा नियमित प्रशिक्षकलाइ प्राप्त भएसरह मानि प्रदान गरिनेछ।

(५) **सम्झौता रद्द गर्न सकिने :**

(१) द्वितीय पक्षको कार्यसम्पादन सन्तोषजनक नभएमा वा बुदाँ (२) र (३) बमोजिम कार्यसम्पादन नगरेमा प्रथम पक्षले सम्झौता रद्द गर्न सक्नेछ।

(२) द्वितीय पक्षले विदा स्विकृत नगराई लगातार तीन दिन सम्म अनुपस्थित रहेमा स्वतः रद्द हुनेछ (३) सम्झौता भएको १० महिना पछि स्वतः रद्द हुनेछ। सोही जिम्मेवारीमा पुनः सम्झौता हुनेछैन्।

(६) **विविधः**

(१) प्रथम पक्षले तोकिदिएको समयमा उपस्थित हुनुपर्ने तथा तोकिएको पोशाक एवम् परिचय पत्र प्रयोग गर्नु पर्नेछ।

(२) शिक्षालयको सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको धातिपूर्ति मा हानी नोक्सानीको विगोसहितको क्षतिपूर्ति दिनुपर्नेछ। क्षतिपूर्ति नभरेमा सरकारी बाँकी सरह असुल हुनेछ।

(३) प्रथम पक्षको गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति या संस्थालाई उपलब्ध गराएको प्रमाणित (भएमा त्यस्तो गोप्य कुरा बा कागजात उपलब्ध गराएमा हानी नोक्सानीको क्षतिपूर्ति द्वितीय पक्षले प्रचम पक्षलाई दिनु पर्नेछ र सो सम्बन्धमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(४) आर्थिक कारोबार बैङ्कमार्फत हुनेछ।

(५) इन्टर्नको सम्बन्धमा परिषद् कार्यालयको निर्देशिका वा मापदण्ड या परिपत्र यो सम्झौताको अङ्ग हुनेछ।

(६) द्वितीय पक्षले आफ्नो व्यक्तिगत विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। उक्त विवरण प्रथम पक्षले अध्यावधिक गरी सुरक्षित राखेछ। शिक्षालयले समेत यस्तो विवरण अभिलेखीकरण गर्ने सक्नेछ।

(७) **सम्झौताको अवधि :** देखि सम्म

**उपर्युक्त अनुसारको सर्तनामा बमोजिम कामकाज गर्न मजुर छ।**

| | | |
|---|---|---|
| प्रथम पक्ष | रोहबर | द्वितीय पक्ष |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामथर : | नामथर : | नामथर : |
| पद : | | वतनः |
| शिक्षालयको छाप | | नागरिकता नम्बर |
| मितिः | | नागरिकता जारी मिति : |
| स्थानः | | |

## अनुसूची– २
## इन्टर्नीको वैयक्तिक विवरण फाराम

सेतो पृष्ठभूमिमा मुखाकृत स्पष्ट देखिने हालसालै को फोटो (४५x३५)

१. **सम्झौताको विवरण :**

क. शिक्षालयको नाम र ठेगाना :

ख. सम्झौता गरिएको मिति :

ग. सम्झौता कायम रहने मिति :

२. **व्यक्तिगत विवरण :**

क. नाम, थर (नेपालीमा) :

ख. नाम, थर (अंग्रेजीमा) :

ग. जन्म मिति : BS AD

घ. बाबुको नाम, थर :

ङ. आमाको नाम, थर :

च. लिङ्ग : वर्णः हुलिया :

छ. पारिवारिक सम्पर्क व्यक्ति : नाता :

३. **परिचयपत्रको विवरण :**

क. नेपाली नागरिकता नम्बर : जिल्ला : जारी मितिः

ख. कर दाखिला नम्बर (PAN) :

ग. बैंक खाता नम्बर :

घ. बैङ्कको नाम र शाखा :

४. **प्राविधिक योग्यताको विवरण :**

| क्र.स. | तह | कार्यक्रम | अध्ययन गरेको संस्थाको नाम | भर्ना वर्ष | उत्तीर्ण भए | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | वर्ष | प्रतिशत | |
| १ | प्रिडिप्लोमा तह | | | | | | |
| २ | डिप्लोमा तह | | | | | | |

५. **ठेगाना र सम्पर्क विवरणः**

| ठेगानाको किसिम | प्रदेश | जिल्ला | स्थानीय तह | वडा | टोल |
|---|---|---|---|---|---|
| स्थायी | | | | | |
| अस्थायी | | | | | |
| मोबाइल नम्बर | | | इमेल | | |

**द्रष्टव्य**

क. सम्झौता बमोजिम अवधि समाप्त भएपछि इन्टर्नको निरन्तरता वा पुःन सम्झौताको दाबी गर्नेछैन् ।

ख. परिषद्का आंगिक शिक्षालयमा यस कार्यविधि बमोजिम यसअगि इन्टर्नमा कामकाज गरेको छैन् भनी स्वघोषणा गर्दछु। यो विषय प्रमाणित भएमा आफूले लिएको पारिश्रमिक सरकारी बाँकी सरह फिर्ता गर्दछु।

ग. माथि रहेका विवरणहरू मैले जानी-बुझी आफैले लेखेको हूँ । झुटा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

प्रशिक्षण सहायक (इन्टर्न)को दस्तखतः मितिः

संलग्न कागजातहरु : (सम्झौता पत्र, नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपी)

## अनुसूची – ३
## गण्डकी बहुप्राविधिक शिक्षालय
## पोखरा – २९, भण्डारढिक

**प्रशिक्षण सहायक (इन्टर्न) को एकीकृत विवरण**

| आर्थिक वर्ष | शिक्षालयको नाम | इन्टर्न प्रशिक्षार्थीको नाम (नेपाली) | इन्टर्न प्रशिक्षार्थीको नाम (अँग्रेजी) | नागरिकता नम्बर | नागरिकता जारि मिति | नागरिकता जारि जिल्ला | कर दाखिला नम्बर (PAN) | मोबाइल नम्बर | सम्झौता गरिएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने
नाम, थर :
पद :

प्रमाणित गर्ने
नाम, थर :
पद :

**प्रमाणीकरण मिति**
२०८१।०८।१४

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकिय अधिकृत**